करैयामाई गाउँपालिका
Karaiyamai Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office of Rural Municipal Executive
करैया, बारा (Karaiya, Bara)
मधेश प्रदेश, नेपाल (Madesh Province, Nepal)
स्था.:२०७३ (Estd. 2073)

पत्र संख्या/Letter No: ०८०/०८१

चलानी नं./Ref. No.:: ९४५८

मिति/Date: २०८१/०१/१०

## बहुक्षेत्रीय पोषण योजना कार्यक्रम अन्तर्गत महिला सहकारी वा समुहमा ङ्कय आर्जनका लागि अनुदान सम्बन्धि १५ दिने सूचना।

प्रथम पटक सूचना प्रकाशित मिति २०८१/०१/१० गते

यस करैयामाई गाउँपालिकाको चालु आ.व. २०८०/०८१ मा विनियोजन बहुक्षेत्रीय पोषण योजना अन्तर्गत करैयामाई गाउँपालिका क्षेत्र भित्र रहेका महिला सहकारी वा समुहमा अनुदान वितरण गर्ने कार्यक्रम रहेकोले तपसिलको शर्त बमोजिम रहने गरी १५ दिन भित्र प्रस्ताव पेश गर्न हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

तपसिल

क. प्रस्ताव छनौट आधार

१. स्थानीय तह भित्र रहेका विपन्न वा दलित तथा जनजाती समुदायमा क्रियाशिल साविक महिला विकास कार्यक्रमबाट प्रवर्द्धित महिला सहकारी मध्ये सुनौलो हजार दिनका घर परिवारलाई फाईदा पुग्ने सहकारी तथा समुहलाई प्राथमिकता दिईने छ।

२. सहकारीहरु नभएमा सोही प्रकृतीका साविक महिला विकास कार्यक्रमबाट प्रवर्द्धित महिला समुह, कृषक समुह वा स्वास्थ्य आमा समुह।

३. स्थानीय तहमा उत्पादन भएका वस्तुहरुको उपयोग र परिवार तहकै जनशक्ति प्रयोग गरि व्यवसाय सञ्चालन गरिने प्रस्तावलाई पहिलो प्राथमिकतामा राखिने छ।

४. बहुक्षेत्रिय पोषण योजनाबाट प्राप्त अनुदानको रुपमा परिचालन हुने प्रतिवद्धता भएका प्रस्तावलाई प्राथमिकता दिईने छ।

५. महिला सहकारीको हकमा प्रचलित कानुन बमोजिम दर्ता भई सम्बन्धित स्थानीय तह कार्यक्षेत्र भएको र महिला समुहको हकमा स्थानीय तहमा दर्ता भएको हुनु पर्नेछ।

ख. प्रस्ताव छनौट मापदण्ड तथा सञ्चालन

१. विपन्न समुदायका महिलाहरुको पूर्ण सहभागिता र नेतृत्वमा स्थानीय तहभित्र सञ्चालनमा रहेको महिला सहकारी मध्येबाट कुनै एउटा सहकारी संस्था/समुह छनौट गरिने छ।

अनुश आचार्य
प्रमुख प्रशासकीय अधिकृत

२. स्थानीय तहमा महिला सहकारी संस्था क्रियाशिल नभएको अवस्थामा सहकारी निकायः महिला विकास कार्यक्रम, गरिब सँग विशेश्वर कार्यक्रम, स्थानीय विकास कोष, स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम, नागरिक सचेतना केन्द्र, कृषि विकास, पशुसेवा, घरेलु विकासको समन्वय र सहजीकरणमा संचालनमा रहेका महिला समुहलाई क्रमसः प्राथमिकता दिईने छ ।

३. महिला समुह समेत नभएको अवस्थामा विकास साझेदार तथा गैर सहकारी संस्थाको सहजीकरणमा स्थापना भई विगत वर्ष देखि क्रियाशिल रहेका महिला समुह मध्येबाट समेत छनौट गर्न सकिने छ ।

४. महिला सहकारीको हकमा प्रचलित कानुन बमोजिम दर्ता भई सम्बन्धीत स्थानीय तह कार्यक्षेत्र भएको र महिला समुहको हकमा स्थानीय तह वा वडा कार्यालयमा सुचिकृत भएको हुनु पर्ने छ ।

५. अनुदान प्राप्त गर्ने महिला सहकारी वा महिला समुहले सामुदायिक वा व्यक्तिगत रुपमा व्यवसाय संचालनका क्रियाकलापहरु गर्ने व्यवस्था मिलाउनु पर्नेछ । हाल सम्म अनुदान प्राप्त नभएको सहकारी तथा समुहलाई प्राथमिकता दिईने छ ।

<u>प्रस्तावना साथ राख्नु पर्ने संलग्न कागजातहरु:</u>

१. महिला सहकारी वा समुह संस्थाको निवेदन प्रतिबद्धता समेत ।
२. सहकारी वा समुहको बैठकको निर्णय प्रतिलिपि ।
३. आ.व. २०७९/०८० को लेखा परिक्षण ।
४. आ.व. २०७९/०८० को कर चुक्ताको प्रतिलिपि ।
५. सहकारी वा समुह दर्ता नविकरणको प्रमाणपत्र ।
६. वडा कार्यालयबाट सिफारिस पत्र ।

छनौटका आधारमा महिला सहकारी तथा समुहमा बहुक्षेत्रीय पोषण योजना सम्बन्धी आयमुलक कार्यक्रम संचालन कार्यविधि २०७७ को दफा ७ बमोजिम हुनेछ ।

नोटः थप जानकारीका लागि करैयामाई गाउँपालिकाको पोषण सहजकर्ता श्री सीमा चौधरीलाई सम्पर्क गर्नु होला ।

.................................
अनुश आचार्य
प्रमुख प्रशासकीय अधिकृत